# पाठ ७

# तपाईंले एकलेसियाको निम्ति सरोकार राखेको परमेश्वर चाहनुहुन्छ

एकलेसिया (मण्डली) ख्रीष्टको शरीर हो र येशू आफैंचाहिँ यसको शिर हुनुहुन्छ। हामी ख्रीष्टियानहरू शरीरका अङ्गहरू वा सदस्यहरू हौं। प्रेरित पौलसले १ कोरिन्थी १२-मा यस विचारको विकास गरेका छन्। प्रत्येक भाग पूरै शरीरको निम्ति कत्ति महत्त्वपूर्ण छ, प्रत्येक भागले अरूहरूका निम्ति कस्तो सरोकार राख्छ र सबै भागहरूले कसरी एकैसाथ दुःख भोग्छन् र आनन्दित हुन्छन् सो उनले देखाएका छन्।

मैले मेरो छोरासँग फुटबल खेलीसकेपछि यस कुरालाई अनुभव गरेको थिएँ। जब म काम गर्नलाई बसें, मेरा खुट्टा तातिएका र थकित भएका मैले भेट्टाएँ। मैले विचार गर्न सक्ने कुरा केवल तातिएर थकित भएका खुट्टाहरू मात्र छन्जस्तो देखियो। यसरी मेरा हातहरूले मेरा खुट्टाका हेरचाहा गरे। मैले मेरा जुत्ताहरू खोलें, र मेरा खुट्टाहरू धोएँ। तब मेरा खुट्टाहरू चिसा भए र तिनीहरूले आराम पाए, र मेरो पूरै शरीरले आराम पायो। तब म फेरि काम गर्न सक्ने भएँ।

एकलेसियाको अर्को रूप परिवार हो। यस पाठको नयाँ विषयवस्तु शुरू गर्नुभन्दा पहिले तपाईंले पाठ १-लाई दोहोऱ्याउन



चाहनुहुन्छ होला। परमेश्वरको परिवारमा हामी उहाँका छोराछोरीहरू हौं भन्ने कुरा हामी त्यहाँ देख्छौं।

परिवारका सदस्यहरूलाई एक-अर्काको खाँचो पर्छ, तिनीहरूले एक-अर्काको वास्ता गर्छन् र एक-अर्काको आवश्यकतालाई पूरा गर्न सक्छन्। तिनीहरू एकैसाथ काम गर्छन् र खेल्छन् र एकैसाथ विलाप र आनन्द गर्छन्। तिनीहरू खाना, ओछ्यान, पैसा, समस्याहरू र रोग पनि एक-अर्कामा बाँड्चूँड़ गर्छन्। भित्रपट्टि एक-अर्कालाई साँच्चै प्रेम गरे तापनि अभाग्यवस कहिलेकहीँ तिनीहरूका बीचमा झगड़ा हुन्छ। प्रायःजसो समय तिनीहरू प्रेममा एक हुन्छन् र तिनीहरू संसारकै विरुद्धमा उठेर एक-अर्कालाई बचाउँछन्।

परमेश्वरको परिवार वा ख्रीष्टको शरीरमा प्रेमको व्यवस्था अति नै महत्त्वपूर्ण छ। सेवाको सिद्धान्त र एकलेसियाको

भण्डारेपनद्वारा हामी कसरी प्रेमको व्यवस्थालाई प्रयोग गर्न सक्छौं सो कुरा हामी यस पाठमा हेर्नेछौं।

**यस पाठमा तपाईंले यी कुराहरूको अध्ययन गर्नुहुनेछ. . .**

- परमेश्वरको परिवारमा एकता
- परमेश्वरको परिवारमा सेवा
- परमेश्वरको परिवारमा भण्डारेपन

**यस पाठले तपाईंलाई यी कुराहरूमा सहायता पुऱ्याउनेछ. . .**

- परमेश्वरको परिवारमा एकताको महत्त्वको व्याख्या गर्न।
- प्रेममा ख्रीष्टको शरीरलाई सेवा गर्न सक्ने तरीकाहरूका उदाहरण दिन सक्न।
- आफ्नो जिम्मामा दिइएको सम्पत्तिको बुद्धिमान् भण्डारे हुन र एकलेसियाको भलाइको निम्ति वरदानहरूलाई प्रयोग गर्न सक्ने तरीकाहरूलाई परिचित गर्न।

## परमेश्वरको परिवारमा एकता

उद्देश्य १ *ख्रीष्टको शरीरमा एकताको महत्त्वलाई वर्णन गर्नुहोस्।*

उद्देश्य २ *अनेकताका केही कारणहरू र तीमाथि विजयी हुने तरीकाहरूको परिचय दिनुहोस्।*

आफैलाई क्रूसमा दिनुभन्दा पहिले, उहाँमा विश्वास गर्ने, र उहाँको एकलेसियाको भाग बन्ने व्यक्तिहरूका निम्ति येशूले प्रार्थना गर्नुभयो। उहाँको प्रार्थना साधारण तर शक्तिशाली थियोः

> "म प्रार्थना गर्छु कि तिनीहरू सबै एक होऊन्" (योआनेस १७:२१)।

एकलेसियाको आत्मिक विकासको लागि एकता अति नै महत्त्वपूर्ण छ। कहिलेकहीँ कुनै व्यक्तिको शरीरमा बेमिलाप हुन्छ। जीव-कोषहरूका समूहले पूरै शरीरको अधीनतालाई इन्कार गर्छ। तिनीहरू छिटो-छिटो बढ्छन् र अन्तमा व्यक्तिलाई नै मार्छन्। यो डरलाग्दो रोगलाई क्यान्सर भनिन्छ। एकलेसियामा पनि बेमिलापले मार्न सक्छ।

कोरिन्थमा भएको एकलेसियामा पौलसलाई यही कुराको ठूलो सरोकार थियो। कोरिन्थीहरूले ख्रीष्टको शरीरको एकतालाई महसूस गरेनन् र यसलाई नाश गर्ने खतरामा तिनीहरू थिए। तिनीहरूका विभाजनलाई निको पार्नको लागि तिनीहरूलाई प्रेमको आवश्यकता थियो (१ कोरिन्थी १३)।

विभाजनको अर्को समस्याको सम्बन्धमा याकूबले आफ्नो पत्रमा उल्लेख गरेका छन्ः पूर्वाग्रह। बाहिरपट्टि देखिएको आधारमा विश्वासीहरूसँग गरिएको व्यवहार देख्दा याकूब निराश भएका थिए (याकूब २ः९)। यस्तो किसिमको भेदभाव दुष्ट र मूर्ख हो भनी उनले अनुभव गरे। योचाहिँ प्रेमको व्यवस्थाको विरुद्धमा थियोः

> यदि "आफ्ना छिमेकीलाई आफूलाई झैं प्रेम गर" भन्ने पवित्र धर्मशास्त्रको राजकीय व्यवस्थालाई साँच्चै पूरा गर्दछौ भनेता असलै गर्दछौ। यदि तिमीहरूले भेदभाव देखायौ भनेता तिमीहरूले पाप गर्दछौ (याकूब २ः८-९)।

धन-सम्पत्ति, शिक्षा र जातको आधारमा ख्रीष्टियानहरूले भेदभाव गर्नुहुँदैन। तपाईंको भाइ गरीब वा पढ्न नसक्ने वा भिन्दै किसिमको नाक भएको हुँदैमा के ऊ तपाईंको भाइ हुनबाट बञ्चित हुन्छ त? परमेश्वरको परिवारमा पनि यही कुरा सत्य छ।

हो, परमेश्वरको परिवारमा संसारका सबै सिद्धान्तहरू इन्कार गरिएका हुन्छन्। पौलसले भनेका छन् कि "कसैले यस

युगमा आफैलाई बुद्धिमान् सम्झन्छ भने त्यो मूर्ख बनोस्, ताकि त्यो बुद्धिमान् बन्न सकोस्'' (१ कोरिन्थी ३:१८)। येशूले आफ्ना झगडालु चेलाहरूलाई भन्नुभयोः ''जो तिमीहरूमा ठूलो हुने इच्छा गर्दछ, त्यो तिमीहरूको सेवक हुनुपर्छ'' (मतियोस २०:२६)। उहाँले यो पनि भन्नुभयोः ''जसले आफ्नो प्राण जोगाउँछ, त्यसले त्यो गुमाउनेछ, र आफ्नो प्राण मेरो निम्ति गुमाउनेले त्यो बचाउनेछ'' (मतियोस १०:३९)।

आफू सबैभन्दा ठूलो छु भनी कुनै पनि बालकले विचार गरेपछि यसले उसका पिताको हृदयलाई दुःखित पार्छ। अनुग्रहद्वारा नै हामीले परमेश्वरका परिवारमा प्रवेश पाएका हुनाले, हामीले घमण्ड गर्ने त्यहाँ कुनै ठाउँ नै छैन (एफिसी २:९)। यदि कुनै बालकले सबै कुरा आफ्नै निम्ति चाहृयो र अरूहरूलाई बाँड्न वा अरूहरूसँग काम गर्न चाहेन भने त्यहाँ पनि ठूलो दुःख हुन्छ। बाबुले अल्छी वा स्वार्थी छोराछोरी चाहदैनन्। घमण्ड, स्वार्थ र आलस्य संसारका सिद्धान्तहरू हुन्। एकलेसियामा नम्र सेवा र प्रेमिलो भण्डारेपनका सिद्धान्तहरूलाई कार्यमा लगाउनैपर्छ, र यसरी त्यहाँ एकता कायम हुन सक्छ।

> यदि ख्रीष्टमा केही प्रोत्साहन छ भने, प्रेमको केही प्रेरणा, पवित्र आत्माको केही सङ्गति, केही स्नेह र सहानुभूति छ



भने, तिमीहरू एउटै मनका भएर, एउटै प्रेम राखेर, पूर्ण सम्मानितसाथ एउटै चित्तका भएर मेरो आनन्द पूरा गर। स्वार्थ वा अहङ्कारमा केही नगर, तर नम्रतामा एउटाले अर्कालाई आफूभन्दा श्रेष्ठ ठान। तिमीहरू हरेकले आफ्नै हित मात्र नखोज, तर अरूका हितलाई पनि हेर (फिलिप्पी २:१-४)।

### तपाईंको अभ्यासको निम्ति

**१** आफ्नो अभ्यास-पुस्तिकामा फिलिप्पी २:१-४ लेख्नुहोस्। ख्रीष्टियान गुणहरूलाई सम्बोधन गर्ने शब्दहरूका वरिपरि घेरा लगाउनुहोस् र सांसारिक गुणहरूका मुनि धर्को तान्नुहोस्। यी दुवै गुणहरूका सम्बन्धमा तपाईं कहाँ हुनुहुन्छ प्रार्थनासहित विचार गर्नुहोस्। के यस हप्तामा यी ख्रीष्टियान गुणहरूलाई व्यवहारमा लगाउनको लागि तपाईं कुनै उपाय भेट्टाउन सक्नुहुन्छ?

## परमेश्वरको परिवारमा सेवा

उद्देश्य ३ *सेवाद्वारा प्रेमको व्यवस्थालाई व्यावहारिक बनाउन सक्ने तरीकाहरूलाई वर्णन गर्नुहोस्।*

ख्रीष्टको शरीरको अङ्ग परमेश्वरको परिवारका सदस्यहरूका रूपमा मिलापमा जिउन, काम गर्न र आराधना गर्नका लागि हामीलाई अर्ती दिइएको छ। हामी सिद्ध भइनसकेका हुनाले, कहिलेकहीँ एकलेसियामा समस्याहरू खड़ा हुन्छन्। बेमिलाप सबैमा सजिलैसँग फैलिन्छ। यस्तो घटना देख्नको निम्ति हामी

प्रेरित वा कोरिन्थी वा फिलिप्पी ४:२ पढ्न सक्छौं। संसारको स्तरलाई पछाड़ि राखेर जिउनु मानिसहरूका लागि कति कठीन छ भन्ने कुरा बाइबलले लुकाउँदैन।

सिद्धान्तमा होइन तर वास्तविकतामा एउटाले अर्कालाई प्रेम गर्नुपर्छ भनी घरीघरी विश्वासीहरूलाई बिन्ती गरिएको छः

> प्रेम निष्कपट होस्... भातृ-प्रेमसँग एक-अर्कालाई प्रेम गर। आफूलाईभन्दा बढ़ी अरूलाई आदर गर (रोमी १२:९-१०)।

प्रेम देखाउने एक तरीका आदर गर्नु हो। प्रायःजसो धेरै पढ़े-लेखेका जवान-जवानीहरू वृद्ध ख्रीष्टियानहरूलाई आदर दिने काममा चुक्छन्। यसो गर्नु गल्ती र मूर्खता हो (१ तिमोथियस ५:१ हेर्नुहोस्। अर्को प्रकारले हेर्दा, तिमोथियस जवानै भए तापनि उनीभन्दा वृद्ध मानिसहरूबाट उनले आदर पाउनुपर्छ भनी पौलसले उत्साह दिएका छन् (१ तिमोथियस ४:१२)।

आदर एक प्रवृत्ति नै हो। प्रेम कार्यमा प्रकट हुनैपर्छः हाम्रा खीष्टियान भाइहरूको भलाइ गर्नु।

> भलाइ गर्ने काममा हामी नथाकौं... यसकारण मौका पाएअनुसार हामी सबै मानिसहरूको भलाइ गर्दैजाऔं, विशेष गरी तिनीहरूका, जो हाम्रो विश्वासका परिवारका हुन् (गलाती ६:९-१०)।

हामी कसरी भलाइ गर्न सक्छौं? सबैभन्दा पहिले, हामीले हाम्रा आफ्नै होइन तर हाम्रा दाजु-भाइहरूका इच्छालाई हाम्रा हृदयमा राख्नैपर्छ (१ कोरिन्थी १०:२४)। तिनीहरू नयाँ र कमजोर ख्रीष्टियानहरू हुँदा विशेष गरी यो अति आवश्यक छ। तिनीहरूको विश्वासलाई हानि पुऱ्याउने कामहरू हामीले गर्नुहुँदैन।

हामीलाई सजिलो वा मन पर्ने नभए पनि हामीले उनीहरूलाई सहायता गर्नैपर्छ।

> विश्वासमा दह्रिला हुने हामीले आफैलाई मात्र खुशी पार्ने इच्छा नराखेर दुर्बल मानिसहरूका कमजोरीहरूलाई सहनुपर्छ। हामी प्रत्येकले आफ्नो छिमेकीको आत्मिक सुधार होस् भनेर तिनको भलाइको लागि तिनलाई प्रसन्न राखौं (रोमी १५:१-२)।

पौलसले यस खण्डमा हामीलाई यो कुरा बताउँदै गएका छन् कि अरू मानिसहरूसँग व्यवहार गर्दा हामीलाई धैर्यता (पद ५), ग्रहण वा सहनशीलता (पद ७)-को आवश्यकता पर्छ, जसलाई ख्रीष्टले पनि आफ्नो "सेवाको जीवन" (पद ८)-मा देखाउनुभयो।

भलाइ गर्नको लागि हामी मानिसहरूका आवश्यकतामा पनि सचेत हुनुपर्छ। के एकलेसियामा कोही व्यक्ति बिरामी, काम नपाएको वा खानेकुराको खाँचोमा परेको छ? प्रेमी दाजु-भाइहरूका हैसियतले यस्ता कुराहरू हेर्नु हाम्रो काम हो, र यदि हामीले सक्यौं भने सहायता गर्नैपर्छ।

> भातृ-प्रेम बनिरहोस्। परदेशीहरूको अतिथिसत्कार गर्न नबिर्स, किनकि यसरी नै कसै-कसैले थाहै नपाई स्वर्गदूतहरूको सत्कार गरेका छन्। आफै पनि तिनीहरूसँग कैदमा परेझैं झ्यालखानमा हुनेहरूको ख्याल राख, र आफैले दुःख-भोग गरेझैं अत्याचारमा परेकाहरूलाई पनि सम्झ (हिब्रू १३:१-३)।



यहाँ प्रेम गर्नुपर्ने सामान्य आज्ञालाई ठीक निर्देशनहरूद्वारा पालन गरिएको छ। अतिथि सत्कार गर्न नभुल्नुहोस्। झ्यालखानमा भएकाहरूलाई भेट्न नभुल्नुहोस्। दुःख-कष्टमा परेकाहरूलाई सहायता गर्न नभुल्नुहोस्। येशूले भन्नुभयो कि यस्ता खालका काम गरे वा गरेनन् भन्ने आधारमा नै अन्तिम न्यायको दिनमा मानिसहरूको जाँच हुनेछ। कुनै व्यक्तिलाई व्यावहारिक रूपमा दया देखाउनु प्रभुको लागि नै प्रेम देखाउनु हो।

> तिमीहरूले यी मेरा भाइहरूमध्ये सबैभन्दा सानामा एक जनालाई जे-जति गऱ्यौ, त्यो तिमीहरूले मलाई नै गऱ्यौ! (मतियोस २५:४०)।

धार्मिक क्रियाकलापमा व्यस्त हुने केही व्यक्तिहरूले विश्वासलाई व्यवहारमा लगाउनुपर्छ भन्ने कुरालाई कहिलेकहीँ

बिर्सन्छन्। साँचो धर्मको वर्णन गर्दा याकूबले यही सन्देश दिएका छन्: "अनाथ र विधवाहरूलाई तिनीहरूका कष्टमा हेरचाहा गर्नु, र आफूलाई संसारबाट निष्कलङ्क राख्नु (याकूब १:२७)।

प्रेमिलो एकता र व्यावहारिक दयाको धर्मले नै शुरूका विश्वासीहरू चिनिएका थिए। दया र प्रेमबाट येशूले सधैं गर्नुभएझैं, तिनीहरूले पनि खाँचो देख्ने बित्तिकै ती पूरा गरे। परमेश्वरको परिवारमा हाम्रो जीवनको उद्देश्य पनि यही हुनुपर्छ।

> विश्वास गर्नेहरूको समूह सबै एकै हृदय एकै आत्माका भएका थिए, र तिनीहरूमध्ये एउटाले पनि आफ्नो धन-सम्पत्तिको केही थोक यो मेरो आफ्नो हो भनी भन्दैनथ्यो, तर तिनीहरूका सबै थोक साझा थिए (प्रेरित ४:३२)।

**तपाईंको अभ्यासको निम्ति**

**२** ख्रीष्टको शरीरमा सेवाको प्रकट गर्ने प्रत्येक *ठीक* बयानको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्।

**क**) पास्टरको प्रेमको कमीको निम्ति उनको आलोचना गर्ने।

**ख**) बिरामी विधवाको बगैंचामा बोट-बिरुवा लगाइदिने।

**ग**) नयाँ ख्रीष्टियानहरूलाई बाइबलको खण्ड पढ्नका लागि सहायता गर्ने।

**घ**) विश्वासको निम्ति झ्यालखानमा परेका ख्रीष्टियानको परिवारलाई सहायता गर्ने।

**ङ**) थोत्रा लुगा लगाएको भाइलाई देखेर हाँस्ने।

**च**) एकलेसियामा आएका साधारण पाहुनालाई आफ्नो घरमा निमन्त्रणा गर्ने।

**छ**) धनी ख्रीष्टियानबाट काम पाइन्छ भन्ने आशामा उनलाई सहायता पुऱ्याउने।

**३** तपाईंको समुदायमा भएका ख्रीष्टियान दाजु-भाइ र तिनीहरूका आवश्यकताहरूका बारेमा विचार गर्नुहोस् भनी हामीले पाठ १-मा नै तपाईंसँग बिन्ती गरेका थियौं। ती खाँचोहरू पूरा गर्ने परमेश्वरको उपाय तपाईं नै हुनुहुन्छ भनी हामीले तपाईंसँग प्रश्न गरेका थियौं। अहिलेसम्म त तपाईं तिनीहरूका समस्याहरूलाई छिटो देख्ने र सहायता गर्न तयारी हुने भइसक्नुभएको होला। तपाईंको ख्रीष्टियान परिवारमा तपाईंले सहायता गर्न सक्ने पाँच व्यक्तिहरूलाई आफ्नो अभ्यास-पुस्तिकामा लेख्नुहोस् र तिनीहरूलाई सहायता पुऱ्याउनका लागि तपाईंले के गर्नुभयो सो व्यक्त गर्नुहोस्।

## परमेश्वरको परिवारमा भण्डारेपन

उद्देश्य ४ *प्रेमको व्यवस्थालाई भण्डारेपनद्वारा व्यावहारिक बनाउन सकिने विभिन्न तरीकाहरूको वर्णन गर्नुहोस्।*

आफ्ना धन-सम्पत्तिको बाँड़चूँड़ गरेर आफ्नो प्रेम र एकता देखाउने शुरूका विश्वासीहरूले एक-अर्काको सेवा गरिराखेका थिए। तिनीहरू जिम्मेवारपूर्ण भण्डारेहरू भएर आफ्ना सम्पत्तिहरूको प्रयोग गरेका थिए। धन-सम्पत्तिको बाँड़चूँड़ पूरै नयाँ करार भरिनै भेट्टाउन सकिन्छ। एन्टिओखियाका ख्रीष्टियानहरूले आउने अनिकालको बारेमा जब थाहा पाए, "तब चेलाहरू हरेकले आफ्नो-आफ्नो औकातअनुसार यहूदियामा बस्ने भाइहरूका लागि सहायताको निम्ति भेटी पठाउने निश्चय गरे

(प्रेरित ११:२६)। रोममा भएको एकलेसियालाई पत्र लेख्दा हुन सक्छ पौलसले यस घटनालाई स्मरण गरेका थिएः

> सन्तहरूको खाँचोमा सहायता देओ, अतिथिसत्कार कायम राख (रोमी १२:१३)।

बाँड्चूँड् गर्नेजस्तै अतिथिसत्कार पनि दुवै सेवा र भण्डारेपन हो। यसले अरूहरूलाई सहायता पुऱ्याउँछ र परमेश्वरले हामीलाई दिनुभएको घरको बुद्धिमानी र उचित प्रयोग पनि यो हो। पाठ ५-मा भण्डारेपनको बारेमा भनिएको कुरालाई याद गर्नुहोस्– परमेश्वरको महिमाको लागि र अरूहरूका भलाइका लागि ठीक किसिमले प्रयोग गर्नलाई हाम्रा सबै सम्पत्तिहरू हामीलाई दिइएका हुन्। स्थानीय र मिशनरी क्रियाकलाप दुवैमा सुसमाचारको कामको निम्ति दिने कुरा यसमा संलग्न भएको छ। आफ्ना मित्र गायसले उनले नचिनेका ख्रीष्टियान सेवकहरूलाई विश्वासयोग्यताका साथ दिएकोमा प्रेरित योआनेसले उनको प्रशंसा गरेका छन्। यसरी बाँडुचूँड् गर्ने असल कारण योआनेसले दिएका छन्ः



> यसकारण यस्ता मानिसहरूलाई सेवा-सत्कार (सहायता) गर्नुपर्छ, ताकि हामीहरू सत्यतामा सहकर्मी बन्न सकौं (३ योआनेस ८)।

परमेश्वरको निम्ति काम गर्ने व्यक्तिहरूलाई सहायता गर्दा, हामी तिनीहरूले गरेका काममा सहभागी भएका हुन्छौं, हामी

तिनीहरूका सेवामा संलग्न हुन्छौं। साथसाथै यस्तो दिने काम "मीठो बास्ना भएको, र परमेश्वरलाई मनपर्दो र ग्रहणयोग्य बलिदान हो" (फिलिप्पी ४:१८)।

हामी व्यक्तिगत तवरले एकलेसियाको सेवामा पनि संलग्न हुन सक्छौं। तपाईंको क्षेत्रमा सुसमाचार फैलाउने काममा र तपाईंको एकलेसियामा विश्वासीहरूलाई सहायता गर्ने कुरामा तपाईंले आफ्नो समय र बल दिइसक्नुभएको होला। त्यो अति नै असल कार्य हो! परमेश्वरको निम्ति हामीले उत्तम तरीकाले काम गरेको परमेश्वर चाहनुहुन्छ। एकलेसियालाई उत्तम किसिमले कसरी सेवा गर्न सकिन्छ र तपाईंलाई परमेश्वरले दिनुभएका वरदानहरूलाई बुद्धिमानीपूर्वक कसरी प्रयोग गर्न सकिन्छ भन्ने सम्बन्धमा तपाईंलाई कुनै निर्देशनको आवश्यकता पर्छ होला।

आत्मिक वरदानहरूका सम्बन्धमा कोरिन्थको एकलेसियामा यही नै अवस्था थियो। यी विश्वासीहरू इच्छुक तर ज्ञानविनाका थिए। प्रत्येकले उही आत्मिक योग्यता वा वरदान देखाउनैपर्छ भनी तिनीहरूले विचार गरेका थिए। तिनीहरू ख्रीष्टको शरीर हुन् र विभिन्न कार्यहरूका निम्ति शरीरमा भिन्नाभिन्नै अङ्गहरू हुन्छन् भनी पौलसले तिनीहरूलाई याद दिलाएका छन्। उनले आत्माका विभिन्न वरदानहरूका सूची बनाएका छन् र प्रेममा आत्मिक वरदानहरू प्रयोग गरेर एकलेसियालाई सहायता गर्नका लागि उनले कोरिन्थीहरूसँग बिन्ती गरेका छन् (१ कोरिन्थी १४:१,४)।

परमेश्वरका सबै वरदानहरूको उद्देश्य एकलेसियाको निर्माण गर्नु हो अर्थात् अझै ख्रीष्टजस्तै हुनका लागि ख्रीष्टियानहरूलाई सहायता पुऱ्याउनु हो (१ कोरिन्थी १४:१२)। यी वरदानहरूमध्ये कोही-कोही एकलेसिया सेवाहरूमा, परमेश्वरलाई गरिने आराधना र उहाँको सन्देशको घोषणा गर्ने काममा प्रयोग गरिन्छन् र पनि तिनीहरूको उद्देश्य एकलेसियाकै निर्माण गर्नु

हो (१ कोरिन्थी १४:२६)। अरूहरू त्यति प्रदर्शित छैनन् तर अरू जत्तिकै आवश्यकीय छन्: सेवा गर्ने, शिक्षा दिने, बाँड्ने, संगठन गर्ने, दया देखाउने (रोमी १२:६-८)।

> अब हामी ख्रीष्टियानहरू ख्रीष्टको शरीरका अङ्गहरू हौं र प्रत्येक अङ्गको आफ्नै काम हुन्छ (रोमी १२:४-५)।
>
> "हामीलाई दिइएको अनुग्रहअनुसार अलग-अलग वरदानहरू हामी प्रयोग गरौं" (रोमी १२:६)।

परमेश्वरका अनुग्रही वरदानहरूका भण्डारेपनको हैसियतले, हामीले तीन कुराहरू गर्नुपर्छ। पहिलो, हामीले हाम्रो जीवनलाई जाँच्नुपर्छ, परमेश्वरसँग प्रार्थना गर्नुपर्छ, र हामीले प्राप्त गर्ने वरदानहरूका बारेमा परिपक्व ख्रीष्टियानहरूसँग सोध्नुपर्छ। दोस्रो, एकलेसियाको निर्माणको निम्ति हामीसँग भएका वरदानहरूलाई हामीले प्रयोग र विकास गर्नैपर्छ र यसको साथसाथै अन्य वरदानहरू र प्रेमको निम्ति हामीले प्रार्थना गर्नुपर्छ (१ कोरिन्थी १२:३१)। तेस्रो, यसै गर्नका निम्ति हामीले अरू ख्रीष्टियानहरूलाई पनि उत्साह दिनुपर्छ: यसरी असल भण्डारेहरू हुनका निम्ति पनि हामीले तिनीहरूलाई सहायता पुऱ्याएका हुन्छौं। बारनाबास-ले पनि शिक्षा दिने महान् वरदान विकास गर्नका लागि शाऊल अर्थात् पौलसलाई सहायता पुऱ्याए (प्रेरित ११:२५-२६ हेर्नुहोस्)।

चाहे स्वाभाविक योग्यताहरू हुन् वा पवित्र आत्माका आत्मिक वरदानहरू हुन्, प्रभु येशू आफैले नै ती हामीहरूलाई दिनुहुन्छ भन्ने कुरा याद गर्नुहोस्। एफिसी ४:७-१६-मा हामीलाई सिकाएझैं प्रभुको निम्ति अझ उत्तम किसिमले सेवा गर्नका लागि तयारी हुन र पूरै एकलेसियाको निर्माण गर्नका लागि उहाँले ती वरदानहरू दिनुहुन्छ। एकलेसियामा ठीक किसिमले सञ्चालित हुन, उहाँका वरदानहरूको असल भण्डारेहरू

हुनका लागि उहाँको निर्देशनमा हामीले परिपक्व हुने लक्ष्य राख्नैपर्छ।

> उहाँबाट नै सारा शरीर प्रत्येक जोर्नीद्वारा जोड़िएको र बाँधिएको भई प्रत्येक भागले ठीक-ठीक काम गरी सुगठित हुनेछ र प्रेममा वृद्धि हुँदैजानेछ (एफिसी ४:१६)।

**तपाईंको अभ्यासको निम्ति**

**४** ख्रीष्टको शरीरप्रति असल भण्डारेपन देखाउने प्रत्येक क्रियाकलापको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्।

**क**) परमेश्वरले तपाईंलाई दिनुभएको भजनलाई बाँड्नु।
**ख**) पाहुना ख्रीष्टियानहरूलाई तपाईंको आफ्नो घरमा ल्याउनु।
**ग**) एकलेसियाको निर्माण कार्यमा परमेश्वरले तपाईंलाई प्रयोग गर्नुहुँदा उहाँको निम्ति तयारी हुनु।
**घ**) एकलेसियामा प्रार्थना गर्ने र अन्य भाषामा बोल्ने व्यक्ति आफू मात्र हुने कोशिश गर्नु।
**ङ**) उपहारहरू र प्रार्थनाहरूद्वारा अरूहरूका सेवाहरूलाई सहायता गर्नु।
**च**) धर्मशास्त्र बाइबलको भित्रिय रहस्यहरू बाँड्नका लागि अरूहरूलाई मौका दिनु।

**५** परमेश्वरले तपाईंलाई के वरदानहरू दिनुभएको छ त्यस बारेमा एकलै वा परिपक्व ख्रीष्टियानहरूसँग प्रार्थना गर्नुहोस्। तपाईंले प्राप्त गर्नुभएको कम-से-कम एउटा वरदानलाई आफ्नो अभ्यास-पुस्तिकामा लेख्नुहोस् र यसलाई प्रयोग गरी ख्रीष्टको शरीरको निम्ति कसरी सहायता पुऱ्याउन सक्नुहुन्छ सो उल्लेख गर्नुहोस्।

तपाईंले आफ्नो वरदानलाई कसरी र कहाँ उत्तम प्रकारले विकास गर्न सक्नुहुन्छ सो विषयमा तपाईंले आफ्ना पास्टर वा अन्य ख्रीष्टियानको अगुवाइ माग्न सक्नुहुन्छ।

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

३. तपाईंको उत्तर।

१. घेरा लगाउनुपर्ने शब्दहरूः दया, करुणा, एउटै विचारहरू हुनु, एउटै प्रेम बाँड्नु, प्राण र मनमा एकै हुनु, नम्र हुनु, अरूहरूलाई आफूलाई भन्दा श्रेष्ठ ठान्नु, अरूहरूको चासोलाई ध्यान दिनु। मुनिपट्टि धर्को तान्नुपर्ने शब्दहरूः स्वार्थी अभिलाषा-हरू, घमण्ड गर्ने, सस्तो इच्छा, आफ्नै निम्ति मात्र।

४. **क** परमेश्वरले तपाईंलाई दिनुभएको भजनलाई बाँड्नु।
**ख** पाहुना ख्रीष्टियानहरूलाई तपाईंको आफ्नो घरमा ल्याउनु।
**ग** एकलेसियाको निर्माण कार्यमा परमेश्वरले तपाईंलाई प्रयोग गर्नुहुँदा उहाँको निम्ति तयारी हुनु।
**ङ** उपहारहरू र प्रार्थनाहरूद्वारा अरूहरूका सेवाहरूलाई सहायता गर्नु।
**च** धर्मशास्त्र बाइबलका भित्रिय रहस्यहरू बाँड्नका लागि अरूहरूलाई मौका दिनु।

२. **क** बेठीक **ख** ठीक **ग** ठीक **घ** ठीक
**ङ** बेठीक **च** ठीक **छ** बेठीक

५. तपाईंको उत्तर।